बेलौरी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
बेलौरी, कञ्चनपुर

प.सं.:- २०८३।०८४ सुदूरपश्चिम प्रदेश, नेपाल

च.नं.:-

## बोलपत्र आह्वानको सूचना
**प्रथम पटक प्रकाशित मितिः २०८३/०५/२२ गते**

यस कार्यालयको चालु आ.व.२०८३/०८४ मा ५० प्रतिशत अनुदानमा गहुको उन्नत वीउ वितरण गर्ने कार्यक्रम रहेकोले गहुँको उन्नत वीउ आपुर्ति गर्नुपर्ने भएको हुँदा ईच्छुक वीउ विजन विक्री ईजाजत प्राप्त कृषक समुह, वीउ उत्पादक कम्पनी र कृषि सहकारी संस्थाहरुबाट उन्नत गहुँको वीउ आपूर्ति गर्न यो सूचनामा उल्लेख भएका शर्तहरुको अधिनमा रही देहाय बमोजिम बोलपत्र आह्वान गरिएको छ ।

१. बोलपत्र आह्वानको सूचना नगरपालिकाको वेवसाइटमा प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन (२०८३/०६/११ गते ) भित्र रु.३,०००।–( तीन हजार पछि फिर्ता नहुने )तिरी प्राप्त गरेको रसिद,आ.व. २०८२/०८३ का लागि नवीकरण भएको दर्ता प्रमाण पत्र, मू.अ.क.मा दर्ता भएको प्रमाण पत्र , गत आ.व.सम्मको कर तिरेको प्रमाण पत्रहरुको प्रमाणित प्रतिलिपिहरु, सम्वन्धित निकायमा दर्ता गरेको प्रमाण पत्रको प्रतिलिपि, वीउ विजन विक्री वितरणको इजाजत पत्र,वीउ परीक्षण सम्बन्धी प्रतिवेदन,खडा वालि निरिक्षण प्रतिवेदन, स्थायि लेखा नम्वर प्रमाण पत्र , आ.व. २०८२/०८३ को लेखा परिक्षण प्रतिवेदन , खरिद कार्वाहीमा भागलिन अयोग्य नभएको लिखित घोषण पत्र र प्रोप्राईटर स्वयम् उपस्थित नभएमा निजको मन्जुरीनामाको सक्कलै निवेदन संलग्न गरी यस कार्यालयको कृषि विकास शाखाबाट बोलपत्र दाता वा निजको आधिकारिक प्रतिनिधिले बोलपत्र खरिद गर्न सक्नेछ ।

२. यस कार्यालयको प्रमुखले सही गरेको र कार्यालयको छाप लागेको बोलपत्र खरिद गरी सोही फाराममा बोलपत्र पेश गर्नु पर्नेछ ।

३. बोलपत्रको बाहिर खाममा कार्यालयलाई सम्बोधन गरी कामको नाम र ठेक्का नं. स्पष्ट उल्लेख गरी आपूर्तिकर्ताको नाम र छाप लगाएको . सिलबन्दीको लाहाछापको नाम र संख्या स्पष्ट उल्लेख हुनुपर्नेछ ।

४. यस कार्यालयबाट बिक्री नभएको, जमानत संलग्न भै नआएको, एउटाको जमानत अर्कोमा रहेको, बाहिर खाममा र बोलपत्रको व्यहोरा फरक परेको, सिलबन्दी भई नआएको कुनै शर्त राखी वा कैफियत जनाई प्राप्त भएको र रित नपुगेको, बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।

५. बोलपत्र प्रथम पटक प्रकाशित भएको मितिले २२ औं दिन (२०८३/०६/१२) को दिउसो १२:०० बजे भित्र दर्ता गराउनु पर्नेछ । तोकेको मिति तथा समयभन्दा पछि बुझाएको बोलपत्र स्वीकार गरिने छैन । सोहि दिनको २:०० बजे उपस्थित भएका बोलपत्र दाता वा प्रतिनिधिहरुको

खेमराज जोशी
प्रमुख प्रशासकीय अधिकृत

# बेलौरी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
बेलौरी, कञ्चनपुर

प.सं.:- २०८३।०८४ सुदूरपश्चिम प्रदेश, नेपाल

च.नं.:-


रोहवरमा यस कार्यालयमा खोलिने छ । बोलपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पुग्ने छैन ।

६. बोलपत्र दाताले धरौटी वापतको रकम रु.१,२५,०००।-(एकलाख पच्चीस हजार) मात्र बेलौरी नगरपालिकाको कार्यालय कञ्चनपुरको रा.वा.बैंक शाखा कार्यालय बेलौरीमा रहेको कार्यालयको धरौटी खाता नं. ४३९०१००३०३००००२ मा जम्मा गरेको सक्कल भौचर वा नेपाल सरकारलाई मान्य हुने (क श्रेणीको) वाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी गरिएको बोलपत्र पेश गर्ने अन्तिम मितिले कम्तीमा ९० दिन म्याद भएको बोलपत्र जमानत (बिड बण्ड) बोलपत्र साथ पेश गर्नुपर्नेछ । घटी म्याद वा घटी रकम समावेश भएको बोलपत्र उपर कारवाही हुने छैन ।

७. बोलपत्र दर्ता गर्ने अन्तिम दिन विदा परेको खण्डमा त्यसको लगत्तै कार्यालय खोलिने दिन बोलपत्र दर्ता गर्न सकिने छ ।

८. पेश भएको बोलपत्रको कवोल रकमको अङ्क र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईने छ।

९. पेश भएका बोलपत्र स्वीकृत गर्ने वा नगर्ने, आंशिक रुपमा स्वीकृत गर्ने वा कुनै पनि कारण जनाई वा नजनाई सूचना नै रद्द गर्ने सम्पूर्ण अधिकार कार्यालयमा सुरक्षित रहने छ ।

१०. म्याद नाघी आएको, रीत नपुगेको, शर्त राखिएको सिलबन्दी बोलपत्र उपर कुनै कारवाही गरिने छैन

११. एक फर्मको नाममा खरिद गरिएको बोलपत्र फाराम अर्को व्यक्ति वा फर्मको नामबाट दाखिला गर्न पाईने छैन ।

१२. खरिद गरिने सामाग्रीको तोकिएको स्पेशिफिकेशन अनुसार गर्नु पर्नेछ ।

१३. यसमा उल्लेख भए देखि बाहेकका अन्य कुराको हकमा सार्वजनिक खरिद ऐन २०६३,सार्वजनिक खरिद नियमावली २०६४ र अन्य प्रचलित ऐन, नियम अनुसार हुनेछ ।

१४. यस सम्बन्धी थप जानकारी आवश्यक परेमा यस कार्यालयको टेलिफोन नम्बर ०९९-५८०३५३ मा कार्यालय समय भित्र सम्पर्क गरी प्राप्त गर्न सकिने छ ।

<u>तपसिल:</u>

| ठेक्का नं. | विवरण | ल.ई.अंक रु. | धरौटी रकम रु. |
|---|---|---|---|
| ०१।२०८३।०८४ | ५० प्रतिशत अनुदानमा उन्नत गँहुको बीउ वितरण कार्यक्रम | रु. ५०,००,०००।- ( कार्यालयको ५० प्रतिशत र कृषकहरुको ५० प्रतिशत गरी जम्मा रकम ) | १,२५,००० ।- |

हेमराज जोशी

प्रमुख प्रशासकीय अधिकृत